**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE 07.10.2023**

**एम ओ एस मिटिङ**

केन्द्रीय गृह राज्यमन्त्री श्री अजय कुमार मिश्रले भन्नुभएको छ सिक्किमका बाढ़ी प्रभावितहरूलाई तत्काल राहत प्रदान गर्न र दैनिक जीवन तथा स्थितिलाई समान्य बनाउन केन्द्र सरकारले राज्य सरकारसित मिलेर काम गरिरहेछ। उहाँले भन्नुभएको छ प्रधान मन्त्री श्री नरेन्द्र मोदी र केन्द्रीय गृह मन्त्री श्री अमित शाह सिक्किम सरकारसित निरन्तर सम्पर्कमा हुनुहुन्छ र राज्यको स्थितिबारे जानकारी लिइरहनु भएकोछ।

केन्द्रीय गृह राज्य मन्त्री गत मंगलबार राती ल्होनाक हिमझील फुटेर टिस्टा नदीमा आएको बाढ़ीले उत्पन्न स्थिति र क्षतिको आंकलन गर्न गान्तोक आउनु भएको छ। गान्तोक टाशीलिङ सचिवालयमा आज मुख्य सचिव विभिन्न विभागका शीर्ष अधिकारीगण, सेना, भारत तिब्बत सीमा पुलिस आइटिबिपी, सीमा सड़क संगठन बिआरओ, राष्ट्रिय मार्ग तथा पूर्वाधार विकास निगम एनएचआईडिसिएल र राष्ट्रिय पन बिजुली निगम एनएचपिसीका प्रतिनिधिहरूसित बैठक गरेपछि श्री मिश्रा पत्रकारहरूलाई सम्बोधन गर्दैहुनुहुन्थ्यो।

उहाँले भन्नुभयो विशेष गरेर सड़कहरूको पुनर्निमाण र पिउने पानी तथा खाद्यान्न आपुर्तिलाई प्राथमिकता दिइनेछ। राज्यमा पहिलेनै राष्ट्रिय आपदा प्रतिक्रिया बल एनडिआरएफ को एउटा टोली हुँदाहुँदै राज्य सरकारको आग्रहमा केन्द्रले तुरन्तै अरू तीनवटा टोली पठाएको अवगत गराँउदै मन्त्रीले भन्नुभयो यी टीलीहरूले राज्य आपदा प्रतिक्रिया बल एसडिआरएफ र राज्य प्रशासनसित मिलेर राहत तथा उद्यार कार्य गरिहेछन्।

उहाँले भन्नुभयो केन्द्र सरकारले एउटा अन्तर मन्त्रालय समिति गठन गरेको छ। यसमा कृषि, सड़क, परिवहन तथा राजमार्ग, जलशक्ति, विद्युत र वित्त मन्त्रालयका अधिकारीहरू सामेल छन्। यस समितिले सिक्किमको स्थिति र क्षतिको लेखाजोखा गर्न अनि सहायता प्रदान गर्नका लागि भोलि राज्यको भ्रमण गर्नेछ। श्री मिश्रले बताउनु भए अनुसार केन्द्र सरकारले वित्त वर्ष 2023-2024 का लागि एसडिआरएफ र एनडिआरएफ लाई अग्रिम बजट आंबन्टित गर्न स्वीकृति दिएको छ। यसद्वारा राज्यलाई राहत उद्यार र पुनर्वास कार्य तत्काल शुरू गर्नमा सहायता प्राप्त जानेछ।

एउटा प्रश्नको उत्तरमा श्री मिश्रले भन्नुभयो सिक्किममा सरह छिमेकी पश्चिम बंगालको कालेबुङ जिल्लामा पनि बंगालको कालेबुङ जिल्लामा पनि जलप्रलय प्रभावितहरूलाई कुनै पक्षपातबिना सहयोग गरिनेछ।

यसअघि मुख्य सचिव श्री विजय भूषण पाठकले केन्द्रीय राज्य मन्त्रीलाई आपदाको कारणले उत्पन्न समस्या, क्षयक्षति र राहत कार्यबारे जानकारी दिनुभएको थियो।

यसैबीच आज बिहान राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसितको शिष्टाचार भेटका बेला श्री मिश्रले पिड़ीत व्यक्तिहरूका सहायतार्थ केन्द्र सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। केन्द्रीय गृह राज्य मन्त्रीको भोलि मुख्यमन्त्री श्री प्रेमसिंह तामङसित भेट्ने कार्यक्रम छ।

**सिएम**

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आज  मंगन जिल्लाको नागामा बाढ़ी प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो। उहाँ राहत शिविरमा पनि जानुभयो। त्यहाँ लगभग दुइसयजना व्यक्तिहरूले शरण लिएका छन्।

पिड़ीत व्यक्तिहरूसितको कुराकानीमा श्री तामङले यथासम्भव सहयता गर्ने आश्वासन दिनुभयो।

मुख्यमन्त्रीले आपतकालीन स्थितिका लागि वित्तीय सहायता पनि प्रदान गर्नुभयो। उहाँले भन्नुभयो सड़क सम्पर्क पुनवहाल गर्नु राज्य सरकारको प्राथमिकता हो।

श्री तामङले साङकलङ पुल भएको ठाँउको निरीक्षण गर्नुभयो। प्रकोपले यस पुललाई पनि बगाएको छ।

मंगनलाई जंगुसित जोड़न वाहनहरूको यातायातका लागि पचपन्न मिटर लामो बेली ब्रीज निर्माण गरिने भएको छ।

यसैबीच खाद्यान्न र अन्य आवश्यक वस्तुहरू जंगु पुर्याउन स्थानीय व्यक्तिहरूको सहयोगमा केवल तन्त्र अर्थात जिप लाईन खड़ा गरिँदैछ। मुख्यमन्त्री चाँदे आईटीआई कालेजको राहत शिविरमा पनि जानुभयो। त्यहाँ रिंधिम नाम्पताम ग्राम पञ्चायत इकाइका बत्तीस प्रभावित परिवारहरूले आश्रय लिएका छन्।

श्रीतामङले उनीहरूलाई पनि वित्तीय सहायता प्रदान गर्नुभयो। अर्कोतिर राज्य आपदा प्रतिक्रिया बलको एउटा टीम आज चुङथाङ पुगेको छ। सेना, अधिकृतहरू र स्थानीय वासिन्दाहरूको सहयोगमा उद्यार कार्य भइरहेछ। चुङथाङ पुग्नका लागि बेली ब्रीज निर्माण गर्ने प्रयास पनि भइरहेछ। अहिले त्यस क्षेत्रमा जानका लागि तारले बनाइएको केबल पुलको प्रयोग गरिँदैछ।

केबल पुलको प्रयोगद्वारा नदी पार परेर आज बिहान चुङथाङ पुग्ने चार सदस्यीय टोलीमा मन्त्री श्री साम्डुप लेप्चा डिआईजी  रेन्ज उत्तर तथा पूर्व श्री टाशी वाङगेल आइटिबिपीका कमान्डिङ अफिसर को र चुङथाङका महकुमा अधिकारी सामेल हुनुहुन्थ्यो।

**गभर्नर**

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले आज पाकिम जिल्ला अन्तर्गत बरदाङ र आइबिएम रम्फूको आपदा प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो। त्यहाँका राहत शिविरहरूमा गएर उहाँले कठिन स्थितिको सामना गर्नमा सहयोगका लागि राज्य र केन्द्र सरकार कृतसंकल्प रहेको आश्वासन दिनुभयो। श्री आचार्यले सेना कर्मीहरूसित पनि अन्तर्क्रिया गर्नुभयो।

**एसडिएफ**

सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ पार्टीले चुङथाङको टिस्टा चरण तीन तथा सिक्किम ऊर्जा पनविजुली परियोजना बाँधको फोरेन्सिक जाँच गराउने माँग गरेको छ। चुङथाङ बाँधलाई लिएर एउटा जाँच समिति गठन गर्ने मुख्यमन्त्री श्री प्रेमसिंह तामङको बयानको स्वागत गर्दै पार्टीका प्रचार प्रमुख तथा पूर्व लोकसभा सांसद श्री पी. डी राईले जाँच निष्पक्ष हुनुपर्ने कुरो बताउनु भएको छ।

पूर्व एसडिएफ सरकारको कार्यकालमा निर्मित निम्न गुणास्तरको बाँधले टिस्टा नदीमा बाढ़ी आएको भन्ने मुख्यमन्त्रीको आरोपको खण्डन गर्दै श्री राईले जाँच नगरिएसम्म कुनै परिणाममा नपुग्ने अपील गर्नुभएको छ।